# दैनिक प्रतिवेदन

२०७४ असोज १ गते

**सारांश**

निर्वाचन आयोगले प्रदेश नम्बर २ का १ सय ३६ स्थानीय तहमा भोलि असोज २ गते हुने निर्वाचनको सम्पूर्ण तयारी पूरा भएकाले ढुक्क भएर मतदान गर्न मतदातालाई आग्रह गरेको छ । दोस्रो चरणअन्तर्गत सोमबार हुने निर्वाचनका लागि मतपत्र र मतपेटिका सम्पूर्णा मतदान केन्द्रमा पुगिसकेको, कर्मचारी र सुरक्षाकर्मी परिचालित भइसकेको, मतदाता परिचयपत्र वितरण भइसकेको र घाम तथा वर्षाको कारण मतदान प्रभावित हुन नदिन त्रिपाललगायतका सामग्री व्यवस्था गरिएकाले सम्पूर्ण तयारी पूरा भएको आयोगले जनाएको छ । तेस्रो चरणको निर्वाचनका लागि शुक्रबार राति १२ बजेदेखि मौन अवधि सुरु भएपछि सबै उम्मेदवार र राजनीतिक दलको खुला प्रचारप्रसार बन्द गर्ने व्यवस्था छ । तथापी यही अवधिमा धेरै चलखेल भएका अपुष्ट समाचारहरू सार्वजनिक भइरहेका छन् । कतिपय जिल्लामा भएका त्यस्ता गतिविधिको पुष्टिसमेत भएको छ ।

भोलि असोज २ गते दुई नम्बर प्रदेशका ८ जिल्लाका १ सय ३६ स्थानीय तहको निर्वाचनका लागि ३ हजार ५ सय ७८ मतदान केन्द्र र २ हजार १ सय ६६ मतदान स्थल कायम गरिएका छन् । यस प्रदेशका कूल मतादाता सङ्ख्या २६ लाख ६४ हजार ९ सय ५० मतदाता रहेका छन् । २ नम्बर प्रदेशका सर्लाहीमा २०, सप्तरी, धनुषा र रौतहटमा १८-१८, सिरहामा १७, बारामा १६, महोत्तरीमा १५ र पर्सामा १४ ओटा स्थानीय तह छन् । यो प्रदेशमा एउटा महानगरपालिका, तीन ओटा उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका छन् । यी सबै तहमा प्रमुख एवम् अध्यक्ष १ सय ३६, उपप्रमुख एवम् उपाध्यक्ष १ सय ३६, वडाध्यक्ष १ हजार २ सय ७१ जना तथा ५ हजार ८४ वडा सदस्यसहित कूल ६ हजार ६ सय २७ जनप्रतिनिधि निर्वाचित गर्ने कार्यक्रम छ ।

नगराइन नपा-८ स्थित अकौरा भन्ने गाउँमा नेपाली काङ्ग्रेस उम्मेदवारले मतदातालाई पैसा बाँड्न नपाएपछि एमाले कार्यकर्तामाथि भदौ ३१ राति ११ बजे आक्रमण गरेको एमालेले आरोप लगाएको छ । नगराइन नपा-८ का १८ वर्षीय इन्द्रकुमार पासवान, ३२ वर्षीय पहलाद पासवान, ३५ वर्षीय अरविन्द पासवान, विरेन्द्र राउत र ललन दासलाई सोही ठाउँका नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू परमेश्वर यादव र महेन्द्र यादव, कासिन्द्र यादवलगायतले कुटपिट गरेको स्थानीय सुर्यदेव राउतले आरोप लगाए । घाइतेहरूको उपचार जनकपुर अञ्चल अस्पतालमा भइरहेको छ । इन्द्रकुमार पासवान गम्भीर घाइते भएका छन् । नेपाली काङ्ग्रेसका कार्यकर्ताले एमाले कार्यकर्ता ललन दासको शरीरमा पानपराग खाएर थुकेपछि किन यस्तो गरेको भन्दा उल्टै उनीहरूले कुटपिट पीडित पक्षको आरोप छ । नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले लाठी प्रहार गरी एमाले कार्यकर्तालाई कुटपिट गरेको आरोप छ । बोहर्वा प्रहरी चौकीका असई कृष्ण साहको समेत उपस्थितिमा रकम बाँड्न खोजेकोमा प्रहरीले एक पक्षीय रूपमा नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूलाई उल्टै साथ दिएको एमालेका कार्यकर्ताहरूको आरोप छ । निर्वाचनको विषय भन्दा पनि व्यक्तिगत रिसिइवीले झैझगडा भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी प्रविन धितालले बताए । चुनाव सम्पन्न भएपछि दोषीलाई कानुनी दायरामा ल्याउने डिएसपी धितालले बताए । उनले चुनाव अघिनै कारबाही प्रकृया अघि बढाइए निर्वाचनलाई असर गर्ने भन्दै चुनाव सकिएलगत्तै कारबाही गरिने बताएका हुन् । नगराइन नपा नेपाली काङ्ग्रेसका नेता तथा पुर्वगृहमन्त्री विमलेन्द्र निधिको क्षेत्र भएकोले एमाले र नेपाली काङ्ग्रेसकाबिच कडा प्रतिस्पर्धा रहेको छ ।

सर्लाहीको बलरामा असोज १ गते बिहान सुतली बम विष्फोट हुँदा एक बालिका घाइते भएकी छिन् । भारतीय सीमा नजिकै पर्ने बलरा नगरपालिका-२ हथियौल जमुनिया टोलमा भएको बम विष्फोटमा स्थानीय जयप्रकाश सहनीकी १० वर्षीया छोरी रस्मिता सहनी घाइते भएकी हुन् । बमको

**Secretariat**
Citizen's Campaign for Clean Election (CCCE)
Informal Sector Service Centre (INSEC)
Tel.: 5218770 Fax: 015218251; Email: cleanelection2017@gmail.com; Website: www.cleanelection.org

बहिष्कृत एवं सङ्ग्रह नेपाल
सामुदायिक रेडियो प्रसारक संघ
निर्वाचनका लागि युवा, साझा अभियान
निर्वाचन पर्यवेक्षण समिति
नेपाल मानव अधिकार सङ्गठन
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

छर्राले लागेर सामान्य घाइते भएकी बालिकाको उपचार प्राथमिक स्वास्थ्य केन्द्र अचलगढमा भइरहेको छ । आफ्नै किराना पसल अगाडि जयप्रकाशकी छोरी रस्मिता र छोरा रितेश खेलिरहेको अवस्था असोज १ गते बिहान ११ बजेतिर सुतली बम विष्फोट भएको इलाका प्रहरी कार्यालय गडहियाले जनाएको छ । बालबालिका खेल्ने क्रममा पसल अगाडि फेला परेको बेवारिसे झोला उठाएर घर लैजान खोज्दा बम विष्फोट भएको थियो । झोला भित्र रहेका चार ओटा बममध्ये एउटा बालबालिका खेलाउँदा पडकिएको र बाँकी तीन ओटा बम नेपाली सेनाले निष्क्रिय पारेको गडहियाका इन्स्पेक्टर रामराजा केशरीले जानकारी दिए । बम राख्ने व्यक्ति/समूहको खोजी तीव्र पारि घटना स्थल वरपर सुरक्षा सतर्कता बढाइएको प्रहरीले जनाएको छ । भारतसँग सीमा जोडिएको बलरा क्षेत्र सुरक्षाको दृष्टिले सर्लाहीको अति नै सम्वेदनशील ठाउँ मानिन्छ । चुनावका लागि त्यसक्षेत्रमा डिएसपी रूगम कुँवरको नेतृत्वमा सुरक्षाकर्मी परिचालन गरिएको जनाइएको छ ।

तेश्रो चरणको स्थानीय तहको निर्वाचनको मौन अवधिमा शङ्कास्पद अवस्थामा प्रहरीले सिरहाको सीमावर्ती भगवानपुर गाउँपालिकाबाट पाँच जनालाई भदौ ३१ गते गिरफ्तार गरी असोज १ गते अनुसन्धानका लागि मुद्दा दर्ता गरेको छ । निर्वाचनको सुरक्षालाई ध्यानमा राखेर तीन दिनको लागि सीमा नाका बन्द भए पनि भारतको मधुवनी जिल्ला बस्ने राजेशकुमार यादव, अजय कामत, सूर्यनारायण यादव, राजकुमार यादव र नेपालको भगवानपुर गाउँपालिका-५ का सुरज यादव लुकीछिपी नेपाल पसेर शङ्कास्पद रूपमा फेला परेपछि गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका एसपी शेखर कोइरालाले बताए । गिरफ्तार परेकामध्ये भारतीय अजय कामतको साथबाट धारिलो छुरा बरामद गरिएको एसपी कोइरालाले बताए ।

धनगढीमाई नपा-१ को मतदान केन्द्रमा मतदान अधिकृतले सहयोगको लागि खटाएको कर्मचारीलाई कुटपिट गरेको आरोपमा प्रहरीले धनगढीमाई नपा-१ का २४ वर्षीय दिनेशकुमार महतो र वडा नम्बर-२ का २५ वर्षीय रामशरण चौधरीलाई भदौ ३१ गते गिरफ्तार गरेको छ । धनगढीमाइ नपा-५ का विक्रम यादवलाई भदौ ३१ गते आरोपितहरूले कुटपिट गरेको भन्दै इलाका प्रहरी कार्यालय धनगढीका प्रहरीले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय लहानमा बुझाएका थिए । मतदाता परिचयपत्र बाँड्ने क्रममा भएको सामान्य विवादलाई लिएर कर्मचारी मतदान केन्द्रबाहिर निस्केको बेला कुटपिट गरेको इलाका प्रहरी कार्यालय लहानका डिएसपी हिराबहादुर पाण्डेले बताए ।

वडा अध्यक्ष पदका उम्मेदवारको मृत्यु भएपछि राजविराज नपा-१५ अन्तर्गतको मतदानलगायत अन्य निर्वाचनसम्बन्धी सम्पूर्ण कार्यक्रम असोज १ गते स्थगित गरिएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयको असोज १ गतेको निर्णयअनुसार सो वडाको मतदान स्थगित गरिएको सूचना कार्यालय र सम्बन्धित मतदान स्थलमा टाँस गरिएको सहायक मतदान अधिकृत किरणकुमार सिंहले जानकारी दिए । वडा अध्यक्ष पदको निर्वाचनका लागि मनोनयन पत्र दाखिला भई उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम भएका राजपा नेपालका तर्फबाट वडा अध्यक्ष पदका उम्मेदवार ६१ वर्षीय महन्थी यादवको रक्त क्यान्सरका कारण भदौ ३१ गते साँझ ५ बजे मृत्यु भएको थियो । मुख्य निर्वाचन अधिकृतको कार्यालयले असोज १ गते नै राजविराज नपा-१५ का लागि संशोधित निर्वाचन कार्यक्रम समेत प्रकाशित गरेको छ । निर्वाचन कार्यक्रमअनुसार असोज ३ गते मनोनयन पत्र दर्ता गर्ने र असोज ५ गते बिहान सात बजेदेखि साँझ पाँच बजेसम्म मतदान गर्ने सूचना प्रकाशित गरिएको छ । राजपा नेपालका तर्फबाट मनोनयन दर्ता गरेका उम्मेदवारको मृत्यु भएका कारण सो वडाको सो पदका लागि राजपा नेपालका तर्फबाट मात्र उम्मेदवारको मनोनयन पत्र पेश हुने छ । राजविराज नपा-१५ अन्तर्गतका मतदान केन्द्र बाहेक अन्य वडाको मतदान केन्द्रमा साविक निर्वाचन कार्यक्रमअनुसार नै असोज २ गते बिहान सात बजेदेखि साँझ पाँच बजेसम्म मतदान हुनेछ ।

**निष्कर्ष**

भदौ ३० गतेदेखि सुरू भएको मौन अवधिमा कुनै पनि दल र उम्मेदवारले चुनावी प्रचार प्रसार, सभा र जुलसहरू निकाल्न पाउँदैनन् । निर्वाचन आयोगले जारी गरेको आचारसंहित अनुसार मौन

बहिष्कृत एवं महाङ्क नेपाल
सामुदायिक रेडियो प्रसारक संघ
निर्वाचनका लागि युवा, साझा अभियान
निर्वाचन पर्यवेक्षण समिति
नेपाल मानव अधिकार सङ्गठन
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अवधिमा निर्वाचन प्रचारप्रसार गर्न र मत माग्न पाइँदैन । मौन अवधि सुरू हुनुभन्दा अगाडि मतदान केन्द्रको ३ सय मिटर वरिपरी राखिएका आआफ्ना निर्वाचन चिन्ह तथा प्रचार र प्रसारका सामग्री हटाउनुर्छ । मौन अवधिको आचारसंहिता तोडिएको प्रमाणित भएमा सम्बन्धित उम्मेदवारको उम्मेदवारी रद्द गर्नेदेखि १ लाख रुपियाँसम्म जारिबाना गर्न सक्ने व्यवस्था निर्वाचन आयोगसम्बन्धी कानुन ०७३ मा उल्लेख छ । निर्वाचन आचारसंहितामा उल्लेख गरिए अनुसार निर्वाचन आयोगबाट कारबाही भएको छैन । प्रदेश नम्बर २ का आठ ओटै जिल्लाबाट प्राप्त सूचना अनुसार सबै जिल्लामा निर्वाचन आचारसंहिता उल्लङ्घन भएका छन् । भोजभतेर, मतदाता प्रभावित पार्न सक्ने जति प्रयास सबै राजनीतिक दलहरूका तर्फबाट धेरथोर भएको छ । निर्वाचन आचारसंहितामा उल्लिखित प्रावधान अनुसार राजनीतिक दलले इमान्दारिता देखाउन सके निर्वाचनको स्वच्छता बढ्ने थियो । निर्वाचनको स्वच्छता बढेमात्रै लोकतन्त्र बलियो बन्छ । त्यसका लागि नागरिक खबरदारी जारी राख्नु पनि उत्तिकै आवश्यक छ । त्यसैगरी स्वतन्त्र पर्यवेक्षकले पनि आआफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

*(**सूचनादाता:** इन्सेक जिल्ला प्रतिनिधिहरू सप्तरी-मनोहरकुमार पोखरेल, सिरहा-दुर्गा परियार, धनुषा-विनोदकुमार रविदास, महोत्तरी-अजयकुमार साह, सर्लाही-सन्तोषकुमार सिंह, रौतहट-विपिन गौतम, बारा-लक्ष्मी साह सोनार र पर्सा-केसी लामिछाने र लामो अवधिका पर्यवेक्षकहरू)*